# अर्धबार्षिक सहभागीमुलक समीक्षा तथा मनन् प्रक्रिया

२९–३१, डिसेम्बर, २०१३



सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

**समीक्षाले सुझाएका दश एक्सन-हामी गर्छौं**

१ गाउँ भूमि अधिकार मञ्चको हरेक मासिक बैठकमा समीक्षालाई मसिन्याएर लैजाने र यसको लागि निश्चित फ्रेमवर्क र सूचक बनाउने । साथै जिल्ला र राष्ट्रियस्तरको समीक्षामा आउने अगुवाले आफ्नो गाउँ वा जिल्ला भूमि अधिकार मञ्चमा छलफल गरी केही चित्रात्मक सामाग्री लिई आउने ।

२ भूमि अधिकार आन्दोलनबाट आर्थिक रूपले सहयोग पाउने सबै तहका व्यवस्थापन क्षेत्रका बाहेक कार्यकर्ताले मासिक एउटा लेख वा पाठक पत्र अनिवार्य लेखी छपाएको हुनुपर्ने ।

३ तलवी कार्यकर्ता बढाउने भन्दा कम्तिमा जिल्लामा १० जना स्वंयसेवी अगुवा परिचालन गर्ने । चिचिले कार्यकर्ता कँही छन् भने उनीहरूलाई अगुवाको सहयोगी बनाउने । तर वास्तविक पीडित नै अगुवाको रूपमा सक्रिय बनाउने ।

४ अभियान उठाउन लागिएका सबै सवालमा आवश्यक साना तथा मझौला अध्ययन गर्ने र यसलाई व्यापक रूपमा उपयोगमा ल्याउने । उदाहरणका लागि मालपोत कार्यालयमा कुन–कुन खुड्किलोमा कसरी घुस खाइन्छ ?

५ हक खोज्ने सबै भूमि अधिकार मञ्चमा सङ्गठित भएको हुनुपर्ने, नयाँ सङ्गठन बनाउनु पूर्व सक्रिय बनाउने समुदायको प्रतिवद्दता आए मात्र बनाउने र गाउँ मञ्च र जिल्ला मञ्चले आफैं गर्न सक्ने कार्यको सूची बनाएर त्यो पुरा गरेका सङ्गठनमा मात्र सहयोग गर्ने ।

६ राष्ट्रियस्तरको समीक्षामा आउँदा जिल्ला र क्षेत्रस्तरको समीक्षामा उत्पादन भएका सामाग्रीहरू जस्ताको तस्तै ल्याउने ।

७ अभियानको रणनीति बनाउँदा त्यस सवालका अगुवा (सहभागी मध्ये ८० प्रतिशत) धेरै ल्याई नयाँ ठाउँमा बसी त्यस उपर अध्ययन गरी र त्यसका जानकारसँग छलफल गरी टुङ्ग्याउने । बजेट बनाउँदा सबभन्दा गरिब वर्गले उठाएका आन्दोलन कोषलाई दिमागमा राख्ने ।

८ अभियानको फोटो, केस, भनाई, न्यूज आदिलाई व्यापक प्रशारण गर्ने ।

९ हरेक कामको स्पष्ट परिवर्तनको चित्र देखेर मात्र कार्यान्वयनमा ल्याउने । क्रियाकलालपको संख्या घटाउने । गुणात्मकता बढाउने ।

१० प्रत्येक जिल्लामा अति गरिबी, शोषण र अन्याय भोगेका र अधिकारका लागि सङ्घर्ष गरेका अगुवा ल्याई तिनका कथा सुनी कार्यकर्ता र पदाधिकारीलाई उत्प्रेरित गर्ने ।

**अर्धबार्षिकका उपलब्धीहरू**

१. राष्ट्रिय भूमि नीतिको मस्यौदा माथि समुदाय र जिल्ला तहमा छलफल भई भूमि सम्बन्धी छुटेका सवाललाई नीतिको भाषामा समेट्ने कार्य भइरहेको छ । यस्तो छलफल जिल्ला मञ्चसँगको सहकार्यमा भइरहेको हुँदा यसले सङ्गठन र सरकारी निकायको परिचय र सम्बन्ध बढेको छ ।

२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको वैकल्पिक प्रतिवेदन तयार गरी 52th Session on UN Treat Body Working Committee मा पेश गरिएको छ । यस सम्बन्धी बैठकमा गई लविङ्ग गरिएको छ । जसमा भूमिहीन, राजी, वादी, मोही आदिको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार हनन् भएका केसहरू उल्लेख छ ।

३. सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको ५ वर्षे रणनीति पत्र तयार भएको छ र उक्त रणनीति कार्यान्वयनका लागि न्यूनतम स्रोतको जोहो भइरहेको छ । साथै छैटौं सामाजिक लेखाजोखा गरी जवाफदेहीता र पारदर्शिता सुनिश्चित गरिएको छ ।

४. ४२ जना हरूवा चरुवा र ५४ मोहीहरूको अधिकारको लागि मानव अधिकार आयोगमा उजुरी दर्ता गरिएको छ ।

५. यस अर्धबार्षिकमा ४०४ परिवारको संयुक्त पुर्जा बनेको छ । यसबाट २३४ विघा भन्दा बढी क्षेत्रफलको जग्गामा महिला किसानहरूको स्वामित्व स्थापित भएको छ ।

६. रसुवा जिल्ला भोर्ले गाविस– ५ का १८ परिवार किसानले २९ वर्ष अघि गुमेको १३१ रोपनी क्षेत्रफल जग्गाको लालपुर्जा प्राप्त गरेका छन् ।

७. नुवाकोटमा ५९, सिन्धुपाल्चोकमा ६७ र रसुवामा १६ घर परिवारले जिल्ला मालपोत कार्यलयमा दर्ता छुट जग्गाको निवेदन पेश भएकोमा ३५ दिने हक दावी सूचना प्रकाशित भई नुवाकोटमा १२, सिन्धुपाल्चोकमा २१ र रसुवामा ४ गरी ३७ घरपरिवारले २७९ रोपनी १ आना १ पैसा २ दाम जग्गा दर्ता भई लालपुर्जा पाएका छन् । सिन्धुपाल्चोकमा जग्गा दर्ता समस्या समाधान समितिको अघिल्लो पटकको निर्णय अनुसार ७ परिवारले ३६ रोपनी क्षेत्रफल जग्गाको लालपुर्जा पाएका छन् ।

८. महोत्तरी किसाननगर-२ गाउँब्लक जग्गामा बसोबास गर्दै आएका १२ घरधुरीको जग्गा दर्ताका लागि नापी भयो । जस अनुसार गाउँब्लकमा बसोबास गर्दै आएका कृष्णबहादुर क्याप्छाकीले २ कठ्ठा ५ धुर गाउँब्लक जग्गाको स्वामित्व प्राप्त गरेका छन् । त्यस्तै लक्ष्मिनियाँको ४३ घरधुरी गाउँब्लक जग्गा नापी भएको छ । रूपन्देहीको सुर्यपुरा गाविसमा २०० घरधुरीको गाउँब्लक जग्गा नापी भयो ।

९. उखडा जग्गा जोताहा किसानको नाममा दर्ता गर्नको लागि मालपोत कार्यालयमा पेश गरिएका निवेदनको छिनोफानोको लागि निरन्तर फलोअप गरियो । भूमि अधिकार मञ्चमा सङ्गठित ५०

परिवार किसानले (१९-७-१८) र रूपन्देहीमा ४७ परिवार किसानले (१८-४-१८) उखडा जग्गाको जग्गाधनी प्रमाण पुर्जा पाएका छन् । जसको चलनचल्ती मूल्य रु. ७,३२,३०,००० (सात करोड बत्तिस लाख तीस हजार) हुन्छ । जग्गा पाएपछि किसानको आत्मबल बढेको छ । साथै समाजमा पनि हैसियत बढेको छ ।

१०. १०२९ परिवारले ६१ विघा क्षेत्रफलको बाँझो जग्गा उपयोगमा ल्याएका छन् ।

११. भूमि अधिकार मञ्चमा सङ्गठित १५२१ परिवारले जोतभोग तथा बसोबासको प्रमाण पत्र लिएका छन् ।

१२. बौतडी श्रीकोटका ४७, सित्तडका ४०, पाटनका ३७ र गुरूखोलाका १० गरी १३४ परिवारले हलिया परिचय पत्र पाएका छन् ।

१३. संविधानमा भूमि अधिकारको मुद्दा स्थापित गराउन संविधान सभा उमेदवार र पार्टीहरूलाई खबरदारी गरेपछि सभासदहरूले भूमि अधिकारबाट वञ्चितहरूका समस्या समाधान गर्न प्रतिवद्दता गरेका छन् ।

## विषय सूची


१. **समीक्षाले सुझाएका दश एक्सन-हामी गर्छौं** ........ २

२. **अर्धवार्षिकका दश उत्कृष्ट उपलब्धीहरू** ........ ३

३. **आशा र चिन्ताको थुप्रो** ........ ७

४. **छलफलका प्रस्तावहरू** ........ ७

५. **जिल्लागत उपलब्धीको समीक्षा** ........ १०

६. **क्षेत्रगत प्रस्तुती र छलफल** ........ ११

क) जनशक्ति ........ ११

ख) यस अवधिमा निर्माण भएका सङ्गठन ........ १२

ग) गाउँ मञ्चको आन्दोलन कोष ........ १३

घ) जिल्ला मञ्चको आन्दोलन कोष ........ १४

ङ) स्थानीय स्रोतको उपयोग ........ १५

च) क्षमता अभिवृद्धि ........ १५

छ) सहकारी निर्माण र विकास ........ १७

झ) कृषि उद्यम ........ १८

ञ) जग्गाको अधिकार प्राप्ति ........ १८

ट) बसोवास तथा जोतभोगको प्रमाण पत्र ........ १९

ठ) बाँझो जग्गाको उपयोग ........ १९

ड) संयुक्त पुर्जा ........ २०

७. **के भन्छन् अगुवा** ........ २२

८. **सिकाई** ........ ३१

९. **सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रियाका सहमतिहरू** ........ ३३

१०. **अनुसूचीहरू** ........ ३५

भूमि तथा कृषि अधिकार अभियान

# अर्धवार्षिक सहभागीमूलक समीक्षा तथा मनन्

प्रक्रिया कार्यक्रम प्रतिवेदन

२९-३१ डिसेम्बर, २०१३

**दिन : एक**

समीक्षा बिहान ८:३० बजे सुरु भयो । समीक्षामा २१ पुरुष र २० महिला सहभागी थियौं । अर्धबार्षिक समीक्षामा समुदायबाट सहभागी अगुवाको पनि उपस्थिती थियो ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले समीक्षाकर्मीलाई स्वागत गर्नुभयो । चिनियाँ उखान- 'त्यही मान्छे बढि बोल्छ, जोसँग भन्ने कुरा केही हुदैंन' । आसय थियो-कम बोलौं । जुन ओभ्फपुर्ण होस् । समीक्षामा उपलब्धी मात्र हैन, सिकाई, चुनौती र अनुभूती पनि बाँडियोस् । गाउँ मञ्चदेखिकै समीक्षा प्रक्रियासँग जोडौं । विगतको समीक्षा गरौं अनि अनुभवका आधारमा व्यवहारिक रणनीतिक योजना बनाऔं ।

समीक्षाको व्यवस्थापनका लागि पहिलो दिन राष्ट्रिय भूमि अधिकार मञ्चका महासचिव ल्यामबहादुर दर्जी, दोस्रो दिन आत्मनिर्भर केन्द्र स्रोत केन्द्र– ९ का संयोजक भोला बस्नेत र तेस्रो दिन सप्तरीका जिल्ला संयोजक शिवकुमार पासवानले जिम्मा लिनुभयो । त्यस्तै प्रतिवेदनका लागि म गर्छु भनेर अभियान नेपाल स्रोत संस्था– ८ का संयोजक शैलेन्द्र राई, आत्मनिर्भर केन्द्र– १ का संयोजक नरीराम लोहार र आत्मनिर्भर केन्द्र– ६ का सहजकर्ता कुमार थापाले खुसीका साथ जिम्मेवारी स्वीकारी जिम्मवारीपूर्वक प्रतिवेदन तयारी पार्नुभयो ।

वित्त तथा प्रशासन अधिकृत गीता पण्डितले समीक्षाको अनुमानीत बजेट सुनाउनुभयो । आन्दोलनका हरेक गतिविधीमा त्यसको आर्थिक स्रोत पस्तुत गर्ने परिपाटी छ । (अनुसुची हेर्नुहोस्)

केही नयाँ अगुवाको उपस्थिती भएकाले छोटो चिनजान पनि गरियो । जस्तो : सबको नमस्कार, हमर नाम भेले श्यामदेवी दास, घर सिसवनी गाविस, सिरहा जिल्ला, जनकल्याण भूमि अधिकार मञ्चकी अध्यक्ष छी । महिनाको १० गते मिटिङ्ग रखिछे । छलफल करैछी ।

समीक्षाकर्मीले सिकाइका लागि सुन्ने, अनुभूती र सिकाई सुनाउने, रणनीतिक योजना बनाउन सघाउने र लेखेर योगदान गर्ने बताउनुभयो ।

भूमि अधिकार आन्दोलनमा लागेका आन्दोलनकर्मीहरू अरुभन्दा फरक हुनुपर्छ । त्यसका लागि हाम्रा आफ्नै मुल्य मान्यता हुनुपर्छ । आन्दोलनको आफ्नै संस्कृति हुनुपर्छ । हामीले हरेक पाइलामा नयाँ छाप छाड्न सक्नुपर्दछ । यसको लागि सचेतता महत्वपूर्ण छ । सचेतता अर्थात सचेत व्यवहार ।

परिवर्तन भूमि अधिकारबाट वञ्चितको जीवनमा आउनुपर्छ । यो मञ्च वा संस्थाको लागि हैन । हरेक कामले अधिकारवालाको जीवनसँग सही सम्बन्ध राख्छकी राख्दैन ? घोरीने यँही हो । हो यहाँ हामी चुनौती दिन र सामना गर्न आएका हौं । हामी आन्दोलनकर्मी हौँ । यसअर्थमा निश्चित रूपमा हामी फरक छौं ।

आशा र चिन्ताको थुप्रो

| आशा | चिन्ता |
|---|---|
| - अगुवाबाट परिवर्तनको अनुभूती सुनेर उत्साहीत हुने ।<br>- सबै जिल्ला, स्रोत संथाबाट अन्तिम आर्थिक प्रतिवेदन पाउने ।<br>- विभिन्न सवालमा अभियानको रणनीति बनाउने ।<br>- संविधानमा भूमि अधिकार र राष्ट्रिय आन्दोलनको स्पष्ट खाका तयार हुने ।<br>- क्षेत्रीय तहमा उठेका  सवालमा छलफल भई समाधानको बाटो तयार हुनेछ ।<br>- नयाँ सिकाई, नयाँ रणनीति प्राप्त गर्ने ।<br>- अन्य जिल्लाबाट सिकेर आफ्नो जिल्लामा पनि त्यस्तै गर्ने ।<br>- जनवरीदेखि के कसरी काम गर्ने ? भन्नेमा स्पष्टता आउनेछ । | - छलफल गर्नुपर्ने धेरै छ । समय पुग्दैनकी ?<br>- अरु जिल्ला जत्तिकै उपलव्धी नभएर प्रस्तुती कमजोर हुनेहोकी ?<br>- योजना पुरा भएको छैन ।<br>- धेरै आलोचना आउलाकी ?<br>- प्रशस्त आलोचनात्मक छलफल नहोलाकी ?<br>- सोचेअनुसार उपलव्धी हात परेको छैन ।<br>- अघिल्लो रणनीतिक योजनामा उठेका विर्ता र गुठी सवालको छिनोफानो गर्न नसकेको<br>- उद्देश्य अनुसार उपलव्धी भएका छैनन्<br>- उपलव्धी आएका छैनन । कसरी उपलव्धी बढाएर लैजाने होला ?<br>- रिपोर्ट लेखेको छैन । के गर्ने ?<br>- प्रस्तुती राम्रो तयारी गरेर ल्याएको छैन ।<br>- तथ्य तथ्याङ्क राम्रो आएन । कसरी प्रस्तुती गर्ने । ल्यापटप बिग्रीयो । प्रस्तुती कसरी गर्नेहोला ?<br>- आफैंले बनाएको योजना पूर्ण कार्यान्वयन भएको छैन । कसरी जवाफदेही हुने होला । |

**छलफलका प्रस्तावहरू -**

जिल्ला र स्रोत केन्द्र/संस्था तहमा भएका समीक्षाबाट राष्ट्रिय समीक्षामा प्रस्तुत गर्नुपर्ने केही प्रगती र छलफल गर्नुपर्ने प्रस्तावहरू राखियो ।

| क्षेत्र | प्रगतीका प्रस्तावहरू | छलफल गर्नुपर्ने प्रस्तावहरू |
|---|---|---|
| स्रोत केन्द्र– १ | - कैलालीका ३४६ परिवारले गाविसबाट जोतभोगको प्रमाणपत्र पाएका छन् । यसले करैचाको वस्ती उठीवास रोकिएको छ ।<br>- बलचौरका १३ जना वादीले नागरिकता लिएका छन् ।<br>- पहिले छुटेका १३४ हलिया परिवारले परिचय पत्र पाएका छन् ।<br>- कञ्चनपुरमा जिल्ला मञ्चको आन्दोलन कोषका लागि १० क्विन्टल धान र ३६२१ रूपैयाँ नगद संकलन  भएको छ । | - स्रोत र जनशक्तिका आाधारमा अभियान क्षेत्र घट्ने र बढ्ने भइरहँदा सबै गाउँ मञ्च समान रूपले परिचालित छैनन् ।<br>- हाम्रो मुद्दामा सरकारी निकायले चासो दिइरहेका छैनन् । टार्ने मात्र गरिरहेका छन् ? के गर्ने ?<br>- संयुक्त पुर्जा बनाउन खर्चिलो भयो । अप्ठेरो बढि भयो । सहयोगी भन्दा बिगार्ने बढि भए । |

| | | |
|---|---|---|
| स्रोत संस्था–२ | - ४९ परिवारले संयुक्त पुर्जा बनाए ।<br>- उठीबास विरुद्द र मोही सवालमा स्वयम् प्रभावितको सक्रियतामा रणनीति बनेको छ ।<br>- राजनीतिक दलका उम्मेदवार तथा प्रतिनिधीहरूसँग संविधानमा भूमि अधिकार सुनिश्चित गर्छौं भन्ने लिखित प्रतिवद्दता लिइएको छ । | - वन अतिक्रमण नियन्त्रण रणनीतिको नाममा वनक्षेत्र वरपर बसेका २२७ वस्तीको संरक्षणको मुद्दामा कसरी सङ्घर्ष गर्ने ?<br>- मोही बाँडफाँट रोकिएकोले मोहीले धेरै अन्याय पाइरहेका छन् ।<br>- नयाँ संविधानमा भूमि अधिकारको मुद्दा कसरी सुनिश्चित गर्ने ? |
| स्रोत संस्था–३ | - ५४७ ले जोतभोग आधार प्रमाण पत्र प्राप्त गरेका छन् ।<br>- आन्दोलन कोषको लागि श्रमशिविर गर्न थालिएको छ ।<br>- गोवरडिहा– ९ मधुवापुर गाउँ भूमि अधिकार मञ्चले सरस्वती उच्च माविको २५ विघा जग्गा *लिज*मा लिई उपयोग गरिरहेको । | - आन्दोलनको क्षेत्र ठुलो भएकाले सबैलाई समेट्न नसकेको ।<br>- आन्दोलन पहिलेको भन्दा पनि कमजोर बन्दै गएको ।<br>- जिल्ला मञ्चका पदाधिकारी परिचालनमा कठिनाई भएको । |
| स्रोत केन्द्र–४ | - क्षेत्रीय समीक्षामा आलोचनात्मक छलफल र पृष्ठपोषण भयो ।<br>- नवलपरासीका ५० र रूपन्देहीका ३७ परिवारले उखडा जग्गाको स्वामित्व पाएका छन् । | - जिल्लाको मुख्य अभियान कार्यान्वयन नभएको<br>- संयुक्त लालपुर्जाको अभियान प्रभावकारी रूपले उठान गर्न सकेन ।<br>- योजना बन्ने तर कार्यान्वयन हुन नसक्ने । |
| स्रोत केन्द्र–५ | - रसुवा भोर्ले– ५ का १८ परिवारले भोगचलन गरिरहेको जग्गाको स्वामित्व पाएका छन् ।<br>- गाउँमै शिविर गरी १६६ जनाले संयुक्त पुर्जा बनाएका छन् ।<br>- राम्चेको ८१ रोपनी क्षेत्रफलको जग्गामा चक्लाबन्दी अभ्यास सुरु भएको छ । | - संयुक्त पुर्जा अभियानको घेरा बढाउने । सरल तरिकाले मालपोतका कर्मचारी गएर गाउँमै गई सनाखत गर्ने व्यवस्थाको लागि स्पष्ट कार्यविधी बनाउनुपर्ने ।<br>- सिन्धुपाल्चोकको जग्गा दर्ता समितिमा परेका निवेदनको छिनोफानोको लागि रणनीतिहरू बनाउनुपर्ने<br>- रसुवाको तामेली विर्ताको समाधान कसरी गर्ने ? |
| स्रोत केन्द्र–६ | - क्षेत्रीय समीक्षामा आफ्नो परिवर्तन बताउन सक्ने अगुवाको सहभागिता र सक्रियता उत्साहजनक रह्यो ।<br>- सबै जिल्ला मञ्चको ५ वर्षे रणनीतिक योजना तयार भएको छ । | - अधिकारमुखी आन्दोलन र जीविकोपार्जन कार्यक्रमको चाहनालाई कसरी लिएर जाने ?<br>- संयुक्त पुर्जा अभियानको रूपमा अगाडि बढेको छैन । |

| | | |
|---|---|---|
| | - माछापालन, वंगुरपालन र च्याउखेतीबाट राम्रो आम्दानी भइरहेको छ । | - चुरेको सवाललाई धेरै लामो अवधिसम्म पनि अभियानको रूपमा उठाउन सकिएन । |
| स्रोत संस्था–७ | - गाविसको बजेटमा दावी भई १० गाउँ मञ्चले १० लाख ५२ हजार उपयोग गरिरहेका छन् ।<br>- ७० परिवारले जोतभोग तथा बसोवासको प्रमाण पत्र लिएका छन् । | - मधेशमा भूमिसुधारको मुद्दालाई कसरी अभियानको रूपमा लैजाने ?<br>- हरूवा चरुवा मुक्ति अभियान कसरी उद्देश्य परक बनाउने ।<br>- भूमि अधिकार हनन्का घटनालाई सल्टाउने काम भयो । भूमि अधिकारको अभियान भएन ।<br>- जिल्ला मञ्चका पदाधिकारीलाई प्रशिक्षणको खाँचो ।<br>- बसोवासको लागि दिएको निवेदनको गाविस र नगरपालीकाले सुनुवाई नभएको । |
| स्रोत संस्था–८ | - सुनसरीमा संयुक्त पुर्जा अभियानले सफल बन्दै गएको छ ।<br>- झापाको बालुबाडी गाविसमा जोतभोगको प्रमाण पत्रको लागि किसानहरू आफैं सक्रिय भएर गाविसमा सङ्घर्ष र विरोधका कार्यक्रमहरू गरिरहेका छन् ।<br>- मञ्चको प्रयासमा टेङ्गराटोली हिमालय गाउँ भूमि अधिकार मञ्चको सक्रियतामा ४० मुसहर घरलाई धारा र ट्वाईलेट उपलब्ध भएको छ । | - जिल्ला भूमि अधिकार मञ्च झापामा अध्यक्षले अभियानलाई संयोजन गरेर नलगी छाडिदिएको । कार्यरत टिम भन्दा यही कारणले निराश देखिएको छ ।<br>- संखुवासभा जिल्ला भूमि अधिकार मञ्चको कुनै गतिविधी देखिदैंन ।<br>- जोतभोगको प्रमाण पत्र दिन गाविसले मानिरहेको छैन । |
| स्रोत केन्द्र–९ | | - आन्दोलनको गाविस क्षेत्र बढाउनुपर्ने<br>- हलेसी महादेवका गुठीका पीडितलाई सङ्गठनमा समेट्नु पर्ने । |
| राष्ट्रिय मञ्च | - परिषद्मा घाइते र अगुवालाई सम्मान गरिएको छ ।<br>- मञ्चको ५ वर्षे रणनीतिक योजनामा छलफल भई सुझाव सङ्कलन भएको छ । | - संविधानमा भूमि अधिकारको मुद्दा कसरी स्थापीत गर्ने ?<br>- सङ्गठन सुदृढिकरण अभियान ५३ जिल्लामा पुऱ्याउनुपर्ने ।<br>- भूमि अध्ययन घरमा सबैको योगदान कसरी बढाउने ? |

## जिल्लागत उपलब्धीको समीक्षा




यस सेशनमा जिल्लागत रूपमा भएका केही प्रभाव केलाउने कार्य गरिएको थियो । यस अभ्यास पछि गरिएको समीक्षाको सार थियो : **प्रभाव हेर्न समय, सीप र रहर चाहियो ।**

- काम गर्नुपूर्व प्रभावमा पर्याप्त विचार गर्ने र काम भइसकेपछि प्रभाव खोतल्ने काम पुगेको छैन ।
- हामीले गरेका कामहरू मध्ये कुनकुनले शक्ति सन्तुलनमा योगदान गरिरहेका छन् र कुनकुनले गरिरहेका छैनन् ? भनेर विचार गर्नुपर्छ ।
- हामी अरुको मात्र रकममा चल्ने क्रम बढ्दै गएकाले हामी क्रियाकलाप र बजेट सम्पन्न गर्नुपर्ने बाध्यतामा फसिरहेका छौं । यसले अभियानलाई बढि नै बाँध्छ । अभियानका लागि आफ्नै स्रोत बढी जुटाउनुपर्छ ।
- योजना निर्माणमा हामीले प्रभाव हेर्ने क्रियाकलाप राख्नुपर्‍यो । उदाहरणको लागि संयुक्त पुर्जा पाउनेको घरमा के कस्तो प्रभाव आयो हेर्ने योजना राख्नुपर्‍यो ।
- गाउँमञ्च, स्रोत केन्द्र, स्रोत संस्था तहको समीक्षामा प्रभाव हेर्ने कार्यलाई र यस सम्बन्धी सीप हामीमा बढाउनु छ ।

- राम्रो प्रभाव पर्ने लागेका अभियानहरूको बाहिरी र भित्री व्यक्ति समेतको संलग्नतामा सहभागीमुलक तवरले प्रभाव खोज्ने काम गरी प्रतिवेदन तयार गर्नुपर्छ ।
- प्रभाव हेर्नका लागि परिवर्तनका कथाहरू उपयोगी हुन्छन् । संख्या मात्र आफैंमा रूखो हुन्छ । यसलाई पुष्ट्याँई गर्न कथाहरू महत्वपूर्ण हुन्छन् ।
- समीक्षाको गुणस्तरलाई बढाउन र गहिराउन आवश्यक छ । समीक्षा परिवर्तन आएकाहरूले महशुस गराउनको लागि महत्वपूर्ण हुन्छ । यसको लागि ढाँचा विकास पनि जरुरी छ भने, बनाऔं ।
- हाम्रो प्रस्तुतीहरू व्यक्ति, गाउँ, जिल्लाको केस र सहभागीमुलक सामाग्रीहरूबाट गरौं ।
- समीक्षा सुनाउन हैन । समीक्षा अनुभूत गराउन हो । समीक्षाका सहमतीहरू मनन्हरूलाई जस्ताको तस्तै विभिन्न तहमा आदान–प्रदान गर्ने कसरी ?

### क्षेत्रगत प्रस्तुती र छलफल

जुलाईदेखि डिसेम्बरसम्म भएको उपलब्धी, सिकाई र चुनौतीको पालैपालो प्रस्तुती र त्यस उपर छलफल भयो । जुन यस प्रकार छ ।

### जनशक्ति

| केन्द्र, संस्था र मञ्च | संयोजक/ अधिकृत | जिल्ला संयोजक | सहायक लेखा अधिकृत | अभियानकर्ता | पूर्णकालिन | कार्यालय सचिव |
|---|---|---|---|---|---|---|
| १ | १ | ० | ० | ५ | २ | ४ |
| २ | १ | २ | ० | १४ | ४ | ४ |
| ३ | १ | १ | ० | ५ | १ | १ |
| ४ | १ | ० | ० | ३ | ४ | ४ |
| ५ | १ | २ | ० | ५ | ४ | ४ |
| ६ | १ | ० | ० | ९ | ३ | ५ |
| ७ | ० | १ | ० | ५ | ३ | ३ |
| ८ | १ | २ | १ | ७ | २ | ३ |
| ९ | १ | १ | ० | ५ | १ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मञ्च | ० | ० | ० | ० | ३ | १ |
| जम्मा | ८ | ९ | १ | ५८ | २७ | ३२ |

**कार्यक्षेत्र**

| केन्द्र, संस्था र मञ्च | जिल्ला | आन्दोलन समेटिएको गाविस | आन्दोलन केन्द्रित नपा | आन्दोलन समेटिएको नपा | आन्दोलन समेटिएको नपा |
|---|---|---|---|---|---|
| १ | ४ | ११ | ४३ | ३ | २ |
| २ | ४ | ४० | ५६ | २ | २ |
| ३ | १ | ३५ | ३० | २ | २ |
| ४ | ४ | ६ | ६६ | ० | ० |
| ५ | ४ | ६ | ५३ | १ | ० |
| ६ | ५ | ३५ | १०५ | २ | २ |
| ७ | ३ | ० | ० | ० | ० |
| ८ | ५ | ३१ | ५३ | ३ | ३ |
| ९ | ३ | ९ | ० | ० | ० |
| जम्मा | **३३** | **१७३** | **४०६** | **१३** | ११ |

**यस अवधिमा निर्माण भएका सङ्गठन**

| केन्द्र, संस्था र मञ्च | गाउँ मञ्च संख्या | जम्मा सदस्य संख्या | महिला | दलित | जनजाती | कै. |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ४ | १५५ | ४४ | ९१ | ६१ | |
| २ | १७ | ९२६ | १५४ | ३९९ | ३४८ | |
| ३ | ३ | ९१ | ४१ | २९ | ५२ | |
| ४ | ७ | १८८ | ६१ | ५२ | ५८ | |
| ५ | ३ | ४६ | ११ | ४४ | ० | |
| ६ | ५ | १६६ | १०४ | ८८ | ६४ | |
| ७ | ५ | २२१ | १२९ | २०७ | | |
| ८ | १ | १३ | ५ | ० | ४ | |
| ९ | ४ | ९९ | ५३ | ८ | ४४ | |
| जम्मा | ४९ | १९९०५ | ६०२ | ९१८ | ६३१ | |

**गाउँ मञ्चको आन्दोलन कोष**

| जिल्ला | कोष भएका गाउँ मञ्च | अघिल्लो वर्षको बाँकी | यस वर्ष संकलित | उपयोग | बाँकी |
|---|---|---|---|---|---|
| बैतडी, डडेलधुरा, कैलाली र कञ्चनपुर | १३१ | ५४३१७ | ९७३४८ | ८७५६५ | ६४१०० |
| बाँकै, बर्दिया, सुर्खेत र दैलेख | १४४ | २४४,६६६ | ४२००० | १७००८८ | ११६४७८ |
| दाङ, सल्यान र प्युठान | ७८ | ६७०९१४ | ७९३७२ | ६४९३३ | २५४३९ |
| रूपन्देही, पाल्पा, पर्वत र नवलपरासी | ७६ | १६९४२३ | १००७९४ | ८२८० | २३९४७६ |
| सिन्धुपाल्चोक, | ८३ | १८८८६१ | १०४५२३ | ७७१० | २८१३५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ललितपुर, रसुवा र नुवाकोट | | | | | |
| धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा | १७९ | ५७०४७७ | ४१६०९६ | २९००४३ | ६३७७५४ |
| सप्तरी र सिरहा | ८ | | ३६५३ | | |
| सुनसरी, मोरङ र झापा | २१ | ८३,४३५ | १,४४,६५६ | ९८,१९७ | १,२९,६९४ |
| ओखलढुङ्गा, रामेछाप र खोटाङ | ६७ | १८८२७ | २३२८६ | | ३२४८१ |
| जम्मा | ७८७ | २०००९२० | १०११७२८ | ७२६८१६ | १४९४२९३ |

**जिल्ला मञ्चको आन्दोलन कोष**

| स्रोत केन्द्र/संस्था | जिल्लाहरू | अघिल्लो वर्षको बाँकी | यस वर्ष संकलित | उपयोग | बाँकी |
|---|---|---|---|---|---|
| स्रोत केन्द्र–१ | बैतडी, डडेलधुरा, कैलाली र कञ्चनपुर | २५१५७ | ४४४२४ | ५०११६ | १९४६५ |
| स्रोत संस्था–२ | बाँकै, बर्दिया, सुर्खेत र दैलेख | ११४७५३ | ३६९२० | ९४८९९ | ५६९२४ |
| स्रोत संस्था–३ | दाङ, सल्यान र प्युठान | ५१२७० | ८१११ | ५५० | ७५६१ |
| स्रोत केन्द्र–४ | रूपन्देही, पाल्पा, पर्वत र नवलपरासी | १०४३३८ | ४९०२१ | ५२५१९ | १२६३५९ |
| स्रोत केन्द्र–५ | सिन्धुपाल्चोक, ललितपुर, रसुवा र नुवाकोट | १९८०० | ३९६६१ | ५६०० | ५३८६१ |
| स्रोत केन्द्र–६ | धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा | २१५०७ | ७१३५५ | ७२५३२ | १८३१० |
| स्रोत संस्था–६ | सप्तरी र सिरहा | ० | ० | ० | |
| स्रोत संस्था– | सुनसरी, मोरङ र झापा | | ४०३०३ | १६९५३ | २३३५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | | | | | |
| स्रोत केन्द्र–९ | ओखलढुङ्गा, रामेछाप र खोटाङ | २०४० | ११६०४ | ० | १३६४४ |
| जम्मा | | ३३८८६५ | ३०१३९९ | २९३३१६९ | ३१९४७४ |

**स्थानीय स्रोतको उपयोग**

| केन्द्र, संस्था र मञ्च | कार्यक्रम | प्राप्त रकम (जिन्सी हो भनेपनि रकममा उल्लेख गर्ने) | लाभान्वित परिवार | कै. |
|---|---|---|---|---|
| १ | - | ७६५८०० | ४४२ | |
| २ | - | ६०००० | १०२ | |
| ५ | - | ११०००० | ६३ | |
| ६ | - | ९३५००० | ३१४ | |
| ८ | - | ६०८७५४ | १३३ | |
| ९ | | ३८०० | २३ | |
| जम्मा | | १९३५४७५ | १०७७ | |

**क्षमता अभिवृद्धि**

| विवरण | केन्द्र, संस्था, मञ्च | पटक | महिला | दलित | जजा | जम्मा |
|---|---|---|---|---|---|---|
| **भूमि शिविर** | | | | | | |
| | १ | ५ | १७५ | ११५ | ६४ | २६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४ | ५ | १३८ | १४३ | १२१ | २९५ |
| | ५ | ३ | ७९ | १० | ८२ | १७९ |
| | ६ | ७ | २४१ | १०० | २५० | ४४५ |
| | ७ | ३ | ९२ | | ०७ | १६० |
| | ८ | २ | १२८ | १७ | ८७ | २१४ |
| | १० NLRF | १ | ७ | | | २२ |
| **तालिम** | | | | | | |
| | २ | ४ | १३३ | ६३ | १६२ | २७५ |
| | ५ | ३ | ४१ | ४ | २३ | ७१ |
| | ६ | २ | ८० | १९ | ५५ | ९३ |
| | ८ | ८ | १९२ | ४७ | २७० | ३६५ |
| | ९ | ३ | ५१ | १८ | ५७ | ९५ |
| | CSRC | ३ | ४५ | २४ | ३० | ८८ |
| **जिल्ला / क्षेत्रीय स्तरीय अन्तर्क्रिया** | | | | | | |
| | २ | ३ | ९३ | ७८ | ७६ | १७२ |
| | ३ | ९ | ८४ | ६३ | १०७ | २१५ |
| | ५ | १० | १३७ | ४५ | १५६ | ३६५ |
| | ७ | ४ | २३ | | ४ | ५० |
| | ८ | ४ | ९१ | २८ | ७८ | २७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १० | १० | १२ | | | २८ |
| **समीक्षा** | | | | | | |
| | १ | १ | ७ | १३ | ३ | १९ |
| | २ | १ | | | | |
| | ३ | २ | ४३ | ९ | ५९ | ८० |
| | ४ | १ | ६ | ५ | ६ | १८ |
| | ५ | ८ | ४३ | ७ | ३३ | ९८ |
| | ६ | ५ | ३२ | २६ | १३ | ८० |
| | ८ | १ | १२ | ४ | १२ | २६ |

**सहकारी निर्माण र विकास**

| जिल्ला | गत वर्ष सम्मको सहकारी | यस वर्ष निर्माण भएको | जम्मा सदस्य | महिला | दलित | जनजाती | जम्मा कोष | ऋण लगानी |
|---|---|---|---|---|---|---|---|---|
| कैलाली | | १ | ८० | ८० | ८० | ० | ८६६०० | ८६६०० |
| दाङ | | १ | ४१ | ४१ | ० | ४१ | १२००० | ० |
| रूपन्देही | | ३ | ९४ | ६३ | ३९ | ४१ | ३३०० | |
| पाल्पा | | १ | २७ | १० | ५ | १६ | १६९५८ | १६९५८ |
| नुवाकोट | | १ | ४९ | १७ | ३ | १९ | ७५४०० | ७५००० |
| सर्लाही | | २ | २५५ | ७६ | १७ | २४१ | १६३६०० | २५०००० |
| रौतहट | | ४ | १३४ | ११८ | ८ | १२६ | ७५८२० | ५०००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सुनसरी | | २ | १२६ | १२६ | ३७ | ६७ | ३,५०,६५१ | ३५०००० |
| मोरङ | | २ | १०८ | ७४ | १५ | ५० | १,६४८५५ | १६३४१५ |
| झापा | | २ | ८९ | ५४ | १७ | ७१ | २०४८३८ | १९०७३५ |
| धनकुटा | | १ | ३३ | १५ | १ | १८ | ८८२९० | ८३२९० |
| रामेछाप | | १ | २७ | २७ | ८ | १९ | ४०५० | ४०५० |
| जम्मा | | २१ | १०६३ | ७०१ | २३० | ७०९ | १०९९१२१ | २७६१६७८ |

## कृषि उद्यम

| स्रोत केन्द्र/संस्था | स्थान | व्यवसाय | संलग्न परिवार | बार्षिक आम्दानी रु. |
|---|---|---|---|---|
| स्रोत केन्द्र १ | | | ७८७ | २,८५८१४५ |
| स्रोत संस्था ३ | भगवानपुर र माधवपुर | | १०१ | ३४४४२५ |
| स्रोत केन्द्र ५ | | | १५३ | ११०३९८३ |
| स्रोत केन्द्र– ६ | महोत्तरी, सर्लाही | | १०३ | ८८२००० |
| स्रोत संस्था– ८ | बालुवाटार, चारपाने झापा | १३ वटा बंगुर पालन | ३६ | हुर्कदैछ |
| स्रोत केन्द्र– ९ | रामेछाप | | १४ | ८०० |
| जम्मा | | | ११९४ | ५१८९३५३ |

## जग्गाको अधिकार प्राप्ति

| स्रोत केन्द्र | स्थान (गाउँ/गाविस) जिल्ला | परिवार | जग्गाको क्षेत्रफल | प्रति ईकाई मुल्य | कुल मुल्य | स्रोत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | वनकटुवा–३ बाँके | १ | ४ कठ्ठा | | ६००००० | मोही |
| | वनकटुवा–८ बाँके | १ | १ कठ्ठा १० धुर | | १५०००० | मोही |
| ४ | रूपन्देही | ३७ | १४–८–१८ विघा | | २८८८०००० | उखडा |
| | नवलपरासी | ५० | १९–७–१८ विघा | | ३८७८०००० | उखडा |
| ५ | सिन्धुपाल्चोक | २९ | १४९ रोपनी | ५०००० | ७४५०००० | छुट दर्ता |
| | रसुवा | ४ | १० रोपनी | ३४००० | २४९५०० | छुट दर्ता |
| | भार्ले–५, रसुवा | १८ | १३१ रोपनी | ३४००० | ३८४२००० | लिलामी फिर्ता |
| | नुवकोट | १२ | १२०–१–२–२ रोपनी | ५०००० | ६०००००० | छुट दर्ता |
| ६ | किसानगर–२ महोत्तरी | १ | २ कठ्ठा ५ धुर | | ४५०००० | गाउँ ब्लक |
| ८ | अनारमनी ३, झापा | १ | ० –३–० | ३,००,००० | ९,००,००० | क्षतिपुर्ती |
| | अनारमनी ४, झापा | १ | ० –०–५ | १,५०,००० | ७,५०,००० | क्षतिपुर्ती |
| | बेलबारी ५, मोरङ | १ | ० –२–० | ३,००,००० | ६,००,००० | क्षतिपुर्ती |
| | ईटहरी ३, बौकाझोडा, सुनसरी | १ | ० –०–१५ | १,००,००० | १५,०००,०० | क्षतिपुर्ती |
| | ईटहरी ६, बज्राहा, सुनसरी | १ | ० –१–१० | १,००,००० | ३०,०००,०० | क्षतिपुर्ती |
| | इटहरी ७, शंकरपुर, सुनसरी | १ | ० –२– ० | २०,०००,०० | ४०,०००,०० | क्षतिपुर्ती |
| जम्मा | | १५९ | | | ९७१५१५०० | |

**बसोवास तथा जोतभोगको प्रमाणपत्र**

| स्रोत केन्द्र/संस्था | जिल्लाा | परिवार संस्था | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| स्रोत केन्द्र– १ | कैलाली कञ्चनपुर | ४७२ | ७ गाउँ मञ्च |
| स्रोत संस्था– ३ | दाङ | ५४७ | |
| स्रोत केन्द्र– ६ | महोत्तरी, बारा, रौतहट र सर्लाही | ४२० | |
| स्रोत संस्था ८ | | ८२ | |
| जम्मा | | १५२१ | |

## बाँझो जग्गाको उपयोग

| स्रोत केन्द्र/संस्था | जिल्ला | ठाउँ | घरधुरी | क्षेत्रफल | मूल्य | कै. |
|---|---|---|---|---|---|---|
| १ | कञ्चनपुर | मछली गाउँ मञ्च | ३१ | २ विघा | ४ ००००० | |
| ३ | दाङ | गोर्वधिया–९ मध्यपुर | ६७ | २५ विघा | १०५००० | |
| ६ | धनुषा | योग्यभूमि–८ | ४६ | २ विघा | ४००००० | |
| | महोत्तरी | कर्मैया–९ | ५७ | १ विघा ५ कट्ठा | ६२५००० | |
| | | किसाननगर–९ | ५५ | १० विघा १० कट्ठा | २१५००००० | |
| | सर्लाही | परवानीपूर–९ | ४६ | ११ कट्ठा | ५५०००० | |
| | | कर्मैया– २ र ९ | २५७ | ६ विघा ३ धुर | १५०३७५०० | |
| ७ | सिरहा | वस्तीपूर | ५० | १ विघा | १०००००० | |
| | | मोहनपूर | ५० | १० कट्ठा | ४००००० | |
| | | पडहीया | ३० | १० कट्ठा | ५००००० | |
| | | तुलसीपूर | ६० | १५ कट्ठा | ७५०००० | |
| | | धोण्डा | ७० | ३ विघा | १८०००० | |
| | | तारेगना | ५० | २ विघा | २०००००० | |
| | | धनगढी | ५० | २ विघा | २०००००० | |
| | | हनुमाननगर | ६० | २ विघा | २०००००० | |
| | | भवानीपूर | ५० | २ विघा | ६०००००० | |
| जम्मा | | | १०२९ | ६१ वि ३ धु | ५३५१७५०० | |

## संयुक्त पुर्जा

| जिल्ला | परिवार संख्या | क्षेत्रफल विघामा | क्षेत्रफल रोपनीमा | कैफियत |
|---|---|---|---|---|
| बैतडी | २ | | ७–०–०–० | |

| | | | | |
|---|---|---|---|---|
| कैलाली | ९ | २–४–२ | | |
| डडेलधुरा | ५० | | ४९७–३–४–१ | |
| दैलेख | ७ | | ७७–०–०–० | |
| सुर्खेत | २० | | १९४ –०–०–० | |
| बाँके | ८ | | १–२–६–० | |
| बर्दिया | २१ | | ७–१–१०–० | |
| पर्वत | ८ | | ४१२६.१४५ वर्ग मि. | |
| पाल्पा | ६ | | ४०–१६–०–० | |
| नवलपरासी | ४ | ०–१३ –६ | | |
| रूपन्देही | २ | ० –३–७ | | |
| रसुवा | ११ | | १११ –१–२–३ | |
| सिन्धुपाल्चोक | ११३ | | १४०९–१४ –१–२ | |
| ललितपुर | १० | | ११ –८–०–० | |
| नुवाकोट | २६ | | २३७–१३–२–१ | |
| धनुषा | ३ | ० –३–१० | | |
| महोत्तरी | ३५ | २०–१४–११ | | |
| सर्लाही | ६ | ३–१–१३ | | |
| रौतहट | १ | ० –०–१० | | |
| मकवानपुर | १ | ० –०–१९ | | |
| सिरहा | १ | ० –५–० | | |
| सुनसरी | ३५ | ७ –१०– १० | | |

| | | | | |
|---|---|---|---|---|
| मोरङ | २ | ० –२–४ | | |
| झापा | ४ | ० –१०–० | | |
| ओखलढुङ्गा | ८ | | १५० –१०–०–२ | |
| रामेछाप | ८ | | ५०–८–०–२ | |
| खोटाङ | ३ | | ६८–८–२–३ | |
| जम्मा | ४०४ | ३५–९–१३ | २५९५–०–२–३ | |

**दिन : दुई**

अघिल्लो दिन बाँकी रहेका प्रस्तुतीहरू भयो । जुन माथि नै उल्लेख छ । प्रस्तुतीमा मुलतः निम्न जिज्ञासा वा टिप्पणी गरिएका थिए ।

**जिज्ञासा :**

- प्राकृतिक स्रोत रूपान्तरण सम्बन्धी तालिम, वकालतीय सीप तालिम र फेलोसिप परियोजना अन्तर्गत एक्सनएडबाट भइरहेका तालिमहरूमा सिकेको कुराको उपयोग के कसरी भइरहेको छ ?
- असल अभ्यासको फैलावट के कसरी भईरहेको छ ?
- उखडा जग्गा दर्ता गर्दा किन संयुक्त पुर्जा बनाइएन ?

**टिप्पणी :**

- सदस्यता नविकरण कार्यलाई सबै क्षेत्रमा बढाएर लानु पर्ने ।
- प्रशिक्षण सञ्चालन गर्दा त्यसको विषयवस्तु र सामाग्रीमा गृहकार्य आवश्यक हुने ।
- उपलव्धीलाई मापन गर्न सक्नेगरी बताउन, मसिनो गर्न पुगेन ।
- चुनौतीहरू किटिएर आएनन् । सामान्य र समस्या जस्तो आयो ।
- भूमि अधिकार मञ्चलाई कृषि तथा पशु विकास कार्यालयमा दर्ता गर्दा सङ्गठनको मर्ममा आघात पुगेको हुनु नहुने ।

**यसपछि पालो थियो-अगुवा सत्रको । अगुवाले बोलेको जस्ताको तस्तै यहाँ राखिएको छ ।**

## जग्गा गुमेको २९ वर्षपछि फिर्ता लियौं

## बुद्धिबहादुर मोक्तान–चनभूमि गाउँ भूमि अधिकार मञ्च, भोर्ले–५ रसुवा



हामी बसेको जग्गा २०३४ सालमा नापी भएको थियो । त्यतीबेला १५ परिवार थियौं । कसरी हो जालसाजि गरेर २०४१ सालमा हाम्रो जग्गा काठमाडौं बस्ने खेमराज शमसेर राणाले दर्ता गरेछन् । यही १३१ रोपनी जग्गा धितो राखेर कृषि विकास बैंकबाट ३५ हजार रुपैयाँ ऋण लिएको रहेछ ।

सोही जग्गाको पुर्जा हामीसँग पनि छ । २०४१ सालसम्म त जग्गाको तिरो पनि तिर्दै आएका थियौं । सोही वर्ष माइलो बुबाको छोरा छिमेकीलाई  जग्गा रजिष्ट्रेशन गरिदिनको लागि मालपोत जानुहुँदा मात्र जग्गा हाम्रो स्वामित्वमा नरहेको थाहा भयो । त्यसपछि जिल्ला अदालतमा निवेदन गरियो । त्यतिखेर ४ जना किसानले वारेस वोकेका रहेछन् । उनिहरूले आफ्नो जग्गा राणासँग पास गरि लिएर म्याद गुजारेछन् । यो २०४७ साल तिरको कुरो हो । त्यसपछि लामो समयसम्म त्यो मुद्दा त्यसै रह्यो ।

अरु गाउँमा भूमि अधिकार मञ्च गठन भएर आन्दोन चलेको थाहा पाएपछि हामीले पनि गाउँ मञ्च बनायौं । सङ्गठित हुन जिल्ला मञ्चले सघायो । सङ्गठनमा जग्गा गुमेको र लिलाममा परेको विषयमा छलफल भयो । गुमेको जग्गा जसरी पनि फिर्ता लिने अठोटका साथमा अभियानमा लाग्यौं । जिल्ला भूमि अधिकार मञ्चसँग मिलेर मालपोत, जिल्ला प्रशासन, जिल्ला कृषि विकास बैंक, केन्द्रीय कृषि विकास बैंकको कार्यालयमा पुगी हाम्रो गुमेको हक फिर्ता गराउनको लागि पहल गर्‍यौं ।

२०७० कात्तिकमा आएर १८ परिवार किसानले भोग गरेको १३१ रोपनी जमिनको फेरी लालपुर्जा पायौं । अझै ७ परिवारको १६ रोपनी फिर्ता गराउन बाँकी छ । यसको लागि पनि आन्दोलन गरिरहेका छौं । निरन्तर सङ्गठित रूपमा आन्दोलन र सङ्घर्ष गर्दै गएपछि पक्कै पनि एक अधिकार लिन सकिने रहेछ भन्ने विश्वास बढेको छ ।

**खोसिन लागेको जग्गा बचायौँ**

**भिमकुरमारी मगर– बालुवाटार गाउँ भूमि अधिकार मञ्च, चारपाने –२, झापा,**



चारपाने २ को वालुवाटारमा ३६ आदिवासी जनजाती परिवार बस्छौं । काँसघारी फाँडेर बसेका हौं । गरिब र भूमिहीन समुदायका मानिसहरू बसोबास गर्छौं । कसैको पनि पक्की घर छैन । यसरी बसोवास गर्दै आएकोमा एक्कासी २०६९ सालमा केही भूमाफियाले दुःख दिन थाले । वस्ती उठाउन नक्कली पुर्जाहरू देखाएर धम्की दिन थाले । हरेक दिन फकर–फरक मानिसहरू आएर हामीलाई वस्ती खाली गर्न धम्काइरहे । नौलो मानिसहरू यसरी पटक–पटक आउन थालेपछि हामीले उनीहरूलाई सोध्यौं । तपाइँहरू को हो ? यहाँ किन आउनुभएको ? उनीहरूले जवाफ दिए । हामी हाम्रो जग्गा हेर्न आएको । यो सुनेर सबै चकित भयौं । हामीलाई थाहा थियो हामीहरू बसेको ठाउँको जगा ऐलानी थियो । त्यसको पुर्जा त्यसै बन्नेवाला थिएन । हामीले जग्गा बेच्ने धनी देखाऊ भन्दा उनीहरू बोल्दैन थिए । बारम्बार झन–झन धेरै पो आउन थाले । सताउन थाले ।

सुकुम्बासी वस्ती हो हाम्रो । गाउँ नजिकै सहयोगी रोशन कटुवाल हुनुहुन्छ । उहाँलाई समस्या सुनायौं । उहाँले ती मानिसहरूसँग यो ठाउ ऐलानी हो । लामो समयदेखि सुकुम्बासीहरू बस्दै आएका छन् । तपाइँहरू कसरी यहाँ किन आक्रामण गर्नु आउनु भएको भन्दा पुलिस बोलाएर रोशन दाइलाई चौकीमा ४ घण्टा थुनाए । हामी ७८/८० जना चौकीमा गएर घेरा हालेर रोशन दाइलाई छुटायौं ।

यसले आँट थप्यो । त्यसपछि गाविसको कार्यालयमा धर्ना दिन गयौं । यतिबेलासम्म भूमि अधिकार मञ्चको बारेमा पनि थाहा पाइसकेका थियौं । हामीले मञ्चलाई पनि सहयोग गर्न अनुरोध गर्‍यौं । गाविसको कार्यालयमा धर्ना बस्ने, सचिवसँग बारम्बार छलफल गर्ने, कार्यालयनै घेर्ने गरेपछि भने गाविस सचिवले २०६९ वैशाख २९ गते सर्वदलिय बैठक बोलाउनुभयो । सबै राजनीतिक दलका प्रतिनिधिहरू भेला भए । हामीलाई धम्काउने व्यक्तिलाई पनि बैठकमा बोलाइयो । त्यहाँ उनीहरूले केही जवाफ दिन सकेनन् । सुकुम्बासी वस्तीमा केही गर्न नपाइने छलफल सर्वदलिय बैठकमा भयो ।

हामी त्यहीँ जग्गाको लागि जिल्ला मालपोत, नापी, जिल्ला प्रशासनमा धर्ना बस्न पनि गयौं । त्यसपछि मात्र हामीलाई बल्ल सुकुम्बासी आयोगले सुकुम्बासी प्रमाण र गाविसले बसोबासको आधार प्रमाणपत्र दियो । भूमि अधिकार मञ्चको बलले यो सफलता भएको हो । अव भने वस्तीबाट कसैले हटाउन सक्दैन भन्ने आँट बढेको छ । हामी लालपुर्जा लिने, गाउँलाई सुधार्ने अठोटका साथ मञ्चमा क्रियाशिल छौं । सहकारी पनि बनाएका छौं । २५ जनाले मासिक १०० रुपैया बचत र १० रुपैंया आन्दोलन कोष जम्मा गर्छौं । बालुवाटार भूमिहीन

कृषि सहकारी संस्था डिभिजन सहकारी कार्यालयमा दर्ता भईसकेको छ । वस्तीका सबैले भूमि अधिकार नपाएसम्म आन्दोलनमा लागिरहने अठोटका साथ अगाडि बढिरहेको छु ।

**गाविसमा निवेदन हालेका छौं**

**चिनिमाया व्लोन– पूर्वटोल गाउँ भूमि अधिकार मञ्च, निजगढ, बारा,**



२०४० सालदेखि १९ परिवार ऐलानी जग्गा र ६ परिवार अरुकै नामको जग्गामा बसोबास गर्दै आएका छौं । कोहीसँग पनि जग्गा जमिन, घरघडेरीको पुर्जा छैन । सुकुम्बासी छौं । हामीलाई त्यहाँबाट उठाउनको लागि धेरै प्रयास भइरहेको छ । मेरो परिवारले ३ कट्ठा ऐलानी जमिन जोतभोग गरेको छ । त्यसले ६ महिना खान पुग्छ ।

अरु दिन ज्यालामजदुरी गर्छौं । २०६९ जेठमा पूर्वटोल गाउँ भूमि अधिकार मञ्चमासङ्गठित भएको हो । सङ्गठनमा लागेपछि कसैले उठिबास गराउन सक्दैन भन्ने आँट बढेको छ । आन्दोलन कोष जम्मा गर्छौं । हरेक महिनामा बैठक बस्छौं । समस्या र तिनका उपायमा छलफल गरिरहेका छौं। २५ घरपरिवारलाई गाविसबाट बसोबास तथा जोतभोगको प्रमाणपत्र लिन निवेदन गरेका छौं ।सङ्घर्ष गरी अधिकार लिई छाड्ने अठोट छ ।

**१५ विघामा डालेघाँस लगाएका छौं**

**कला पौडेल– केराबारी गाउँ भूमि अधिकार मञ्च, नलवपरासी**



भूमि अधिकार अभियानमा लागेको एक वर्ष भयो । समस्या भनेको जालसाजी गरी हामी बसेको जग्गा अरुले नै पुर्जा बनाएको हो । कसको नाममा छ भन्ने पनि थाहा छैन । शुरुमा सबैले थाकलघारी फाँडेर बसेको हो । खान पुग्ने जमिन कसैसँग पनि छैन । अरुकोमा ज्याला मजदुरी गर्नुपर्ने बाध्यता छ । जग्गाको पुर्जा लिनको लागि पटक–पटक मालपोत कार्यालय, जिल्ला प्रशासन कार्यालमा धर्ना बस्ने, आन्दोलन गर्ने र डेलिगेसन जाने गरेका छौं ।

गाउँमा केराबारी गाउँ भूमि अधिकार मञ्च गठन गरी ७८ परिवार सङ्गठित छौं । वन विभागले पनि दुःख दिदै आइरहेको छ । आयआर्जन बढाउन सहकारी पनि बनाएका छौं । पशुपालन गर्नको लागि सामुदायिक बनसँग १५ विघा जमिन लिएर १० विघामा डालेघाँस लगाएका छौं ।

५ विघामा बेसार खेती छ । जालसाजी गरी अरुले नै लिएको पुर्जा फिर्ता लिई आफ्नो जमिनको स्वामित्व हामीले नै लिइ छाड्ने छौं । यसको लागि हामी जिल्ला भूमि अधिकार मञ्च, गाउँ भूमि अधिकार मञ्चमार्फत मिलेर आन्दोलन गरिरहेका छौं ।

**बेदखल हुनबाट बचायौं**

**जानुकादेवी मगर– लोकन्थली गाविस–६, मोरङ**



हामी सुकुम्बासी, मोही किसान मिलेर गाउँ भूमि अधिकार मञ्च बनायौं । शुरुमा ठेक्का र अधिँमा जोतभोग गर्ने किसानहरू मञ्चमा लाग्यो भने जोतीरहेको जग्गा खोसिन्छ भनेर डराएका थिए । सुकुम्बासीहरू पनि बसिरहेको ठाउँबाटै उठाउँछ भनेर झनै हिच्किचाए । तर जिल्ला मञ्चबाट आएकी गिता सिवाले कुराबुझाएछि सङ्गठित भयौं । २०/२५ वर्षदेखि जोतभोग गर्दै आएको मोही किसान भएपनि हाम्रो गाउँको कसैसँग पनि जोतभोग तथा कुत तिरेको भर्पाइ थिएन । हामीलाई जग्गाधनीले जतिबेला पनि बेदखल गर्न सक्थ्यो ।

जव मञ्च गाउँमा गठन भयो । एक जना चौधरी दाइले २ विघा जग्गा लामो समयदेखि कमाउदै आउनुभएको थियो । खेतीको बीउ पनि राखीसक्नुभएको रहेछ । त्यतीनै बेला जग्गाधनीले जग्गा छोड्न भन्यो । ती दाईले मञ्चका अध्यक्षलगायत् हामीलाई समस्या सुनाउनुभयो । उनकै छिमेकीले जग्गाधनीलाई कुरा लगाएका रहेछन्। उहाँलाई भन्यौं 'तपाई गएर जोत्नुस्, केही भयो भने हामी आन्दोलन गर्नेछौं ।' त्यसपछि उनी ढुक्क भएर गएर खेती जोत्नुभयो । कसैले पनि केही गर्न आउन सकेन । यहाँ मञ्चको शक्तिले काम गर्‍यो ।

फेरी अर्को एक किसानको पनि त्यस्तै समस्या आयो । उनीलाई जोतिरहेको जग्गाबाट आफ्नौ दाजुभाईहरूले समस्यामा पार्न खोजेनन् । उनले पनि मञ्चमा आएर आफ्नो समस्या राखेँ । उनले २४ वर्षदेखि जोतेको जमिनबाट बेदखल गर्न खोजेका रहेछन् । त्यसपछि मञ्चका अध्यक्षलगायत् हामी सबैले उहाँलाई तपाईको पक्षमा भूमि अधिकार मञ्च छ । जोत्नुस् जतिबेला समस्या आउछ त्यतीबेला नै मञ्च तपाईहरूलाई जहाँ समस्या पर्छ त्यहाँ आउछ भनेर सम्झाएर पठाएपछि उनी ढुक्क भएर गए । भोली पल्ट देखि जोत्न थालेको कसैले पनि केही गर्न र भन्न सकेनन् । वास्तमै मञ्चले सबै किसानहरूमा आँट, साहस र विश्वास बढाएको छ । यसले धेरै किसानको हक पनि सुरक्षित गरेको छ ।

अहिले मञ्चमा ४३ जना सङ्गठित छौं । अहिले त बाटोघाटो, गाउँमा सानो–सानो समस्या परेपनि मञ्चमा आएर छलफल गर्न थालेका छन् । सुकुम्बासी वस्तीको ५ परिवारले मञ्चमा लागेपछि ऐलानी जग्गा जोतभोग गर्न थालेका छन् । हामीले सुकुम्बासीहरूलाई पनि समेटर भूमि अधिकार प्राप्तीको आन्दोलनलाई अघि बढाइरहेका छौं । सुकुम्बासी परिचय पत्रको लागि गाविसको कार्यालयमा छलफल चलाइरहेका छौं । गाउँमा

जग्गाहरू बाँझो छ । तर यहाँका सुकुम्बासीहरू त्यसै बसिरहेका छन् । यसका लागि पनि आन्दोलन गरिरहेका छौं ।

**बसोबास सुरक्षित गरियो**

**पानमती सदा– सौवरी गाउँ भूमि अधिकार मञ्च, सप्तरी**



सप्तरीको सम्भुनाथ–३ मा ८० परिवार सदाय बस्छौं । सौबरी गाउँ भूमि अधिकार मञ्चमा ८० परिवार नै सङ्गठित छौं । जहान बढ्दै गएपछि २२ परिवारलाई वासको ज्यादै समस्या पर्‍यो । समस्यामा गाउँ मञ्मा छलफल चलायौं । मञ्चले छिमेकी शाह तथा चौधरी समुदायसँग पनि सल्लाह गर्‍यौं । छलफलपछि गाउँको दक्षिणपट्टि रहेको पोखरी छेउ खाली रहेको जग्गामा बसोबास गर्न दिने सहमति भयो । सहमति पछि सुकुम्बासीहरू बसोबासको लागि छाप्रो हाल्दै थिए । गाउँकै एक जमिन्दारले प्रहरी बोलाएर घर भत्काउन लगायो । जुन मान्छेले पहिले बस्न सहमती दिएको थियो त्यही मान्छेले आगो लगाउन लागायो । हामी दुःखीत भयौं । त्यतिखेर बनेको उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगमा त्यही गाउँका छेदी चौधरी सदस्य हुनुहुन्थ्यो । उहाँलाई त्यहीबाट फोन गर्‍यौं । त्यसपछि उठीबास भने रोकीयो । त्यसपछि हामी पटक–पटक गाविसको कार्यालय, प्रहरी चौकी, जिल्ला प्रकाशन कार्यालयमा गयौं र निवेदन दिने, डेलिगेसन जाने काम गरौं । जसको अगुवाई मञ्चले गर्‍यौं । त्यहाँ भएको सहमति पछि ट्राफिक चोकदेखि उत्तरतीर बाटो छेउमा जग्गा नापी भयो र २२ घरपरिवारलाई बसोबास सुरक्षित बसोबास गराइयो । मञ्चको सहयोगमा यसरी २२ घरपरिवार सुरक्षित रूपमा बसोबास गर्न पाए । अहिले जीविकाको लागि तरकारी खेती, पशुपालन गरी आयआर्जन लिन पनि थालेका छन् ।

**आन्दोलनमा लागिरहन्छौं**

**राधिका सुनार– सिद्धार्थ मसानघाट गाउँ भूमि अधिकार मञ्च, कञ्चनपुर**



पहिले धेरै दुःख थियो । राती एक निद सुत्न पाउँदैन थियौं । तर मञ्चले गर्दा हामीलाई कमसेकम निद्रा मजाले लाग्न थालेको छ । बनारा नदीको पुलमुनी बसेको थियौं । त्यहाँ पनि बस्न दिइएन् । त्यहाँबाट रोड छेउमा गएर बस्न थाल्यौं । रोडमा पनि सडक विभागले डोजर ल्याएर उठाएर फाल्छु भनी पटक–पटक

उठिबासको प्रयास गरेर त्यहाँ पनि बस्न दिइएन । फेरी हामी नजिकैको डाँडोमा गएर बस्यौं । हाम्रो अवस्था थाहा पाएपछि भूमि अधिकार मञ्चबाट टिका बोहोरा आएर समस्या बुझ्नुभयो । उहाँको अगाडि पनि हामी बोल्न सकेनौं ।

उहाँले हामीलाई मञ्च र बसोबासको अधिकार बुझाईन् । मञ्चमा सङ्गठित हुन थालेपछि फेरी नदि किनारामा गएर बस्न थाल्यौं । बसेको नदीको किनार सामुदायिक वनको पर्दोरहेछ । त्यहाँको नदी उकास जग्गामा खेती गर्न थालेपछि सामुदायिक वन समितिका व्यक्तिहरू आएर धम्काउन थाले । किन यहाँ बसेको ? किन खेतीपाती गरेको भनेर धेरै गाली पनि गरे । तर हामी विचलीत भएनौं ।

गाउँमा भूमि अधिकार मञ्च गठन भएपछि बैठक बस्ने, नियमित छलफल गर्ने, आन्दोलनको कार्यक्रमहरूमा जान थाल्यौं । त्यसपछि भने हामीलाई सामुदायिक वनमा व्यक्तिहरूले पनि धम्काउन छाडे । नदीले बगाएर ल्याएको दाउरा संकलन गरि खान पकाएर खाने गरेका छौं ।

यदि नदीले दाउरा ल्याउदैन भने त खान पनि पाउदैनौं । यो समस्या हामीलाई त्यहाँको सामुदायिक वनको सदस्य नबनाएको भएर पनि हो । हाम्रो बालबच्चा पढाउनको लागि समस्या छ । स्कुलमा पढ्न पठाए शुल्क ( फिस) माग्छन् । हामीले कहाँबाट दिने फिस । हामीलाई बिहान बेलुकीको छाक टार्न गाह्ते छ । अब कसरी बालबच्चालाई पढाउने ।

हामीलाई आफ्नो अधिकारको बारेमा र बोल्न, आँट, साहस बढाउन आफ्नो अधिकारको खोजी गर्न मञ्चले प्रेरीत गरेको छ । १२ परिवार हामी मञ्चमा सङ्गठित छौं । आन्दोलनमा लागिरहन्छौं ।

## मञ्चले गर्दा बसोबास सुरक्षित भयो

### जिउली वादी– कैलाली



वादी समुदायका हौं । कैलालीको बछेलामा १४ जिल्लाबाट आएका वादी बस्छौं । भूमि अधिकार मञ्चमा सङ्गठित भएपछि सुरक्षित बास तथा भूमि अधिकार बारे बुझ्ने मौका पाईयो । त्यसपछि गाउँ फर्केर मैले गाउँका सबैलाई सुरक्षित घरबास र जीविकाको लागि भूमि अधिकारको छलफल चलाएँ । हामी बसेको क्षेत्रमा कैलासधाम सामुदायिक वन रहेछ । त्यसपछि वनका उपभोक्ताहरूले धम्क्याए । उनीहरूले लट्ठि लिएर घेर्न आए । हामीले जगंल पनि मिचेका छैनौं । केही विगारेको पनि छैनौं भन्यौ । तर पनि उनीहरूले मानेनन् । अनि हामी आत्तिएर भूमि अधिकार मञ्चलाई खवर गर्‍यौं । मञ्चले जिल्ला वन कार्यालयलाई खबर गरेर बस्ती नउठाउन आग्रह गरेपछि भने त्यहाँ कसैले केही गर्न सकेनन् ।

जगंलमा बस्ने राउटेले त आफ्नो अधिकार खोज्न थालेका छन् हामी किन चुप लागेर बस्ने भनेर सबै एकै स्वरमा सङ्गठित हुन थालेका छौँ । सबभन्दा पछाडि परेको भनेको वादी समुदाय हो । वादीहरूलाई पहिले त नागरिकता पनि नपाउने समस्या थियो तर पछि सरकारले आमाको नामबाट पनि नागरिकता दिने व्यवस्था ल्याएपछि भने यो समस्या टरेको छ ।

अव हामीलाई पनि जग्गा चाहिएको छ । हामी आफ्नो पनि जीविका सहज रूपमा चलोस् भन्ने चाहन्छौं । हामीले सहकारी बनाउदा समेत तिमिहरूसँग जग्गा नै छैन कसरी सहकारी चलाउँछौं समेत भनियो । तर पछि हटनौं । बसेको ठाउँको पुर्जाको लागि जिल्ला तहमा धेरै पटक आन्दोलन गर्ने, धर्ना बस्ने जस्ता कार्यमा सहभागी भएका छौँ । गाविस, जिविस तथा राष्ट्रिय स्तरमा समेत पुगी आफ्नो अधिकारको लागि आवाज उठाउन सक्ने भएका छौँ । अझै पनि हामी कर्णालीको नदिमा बालुवा चाली जीविका चलाइरहेका छौँ । अहिले हाम्रो वस्ती उठाउनको लागि कसैले पनि केही बोल्न सकेका छैनन् । कसैले धम्कि दिन आयो भने सबैले सहयोग गर्छन ।

**संयुक्त पुर्जा बनाउँछु**

**श्यामो दास,–जनकल्याण गाउँ भूमि अधिकार मञ्च, सिरहा,**



जनकल्याण गाउँ भूमि अधिकार मञ्चमा २० परिवार सङ्गठित छौँ । आन्दोलनमा मार्फत हामीले दैनिक ज्याला ३ केजिबाट बढाएर ७ केजिसम्म पुऱ्याउन सफल भयौँ । महिला पुरुष मिली भूमि अधिकार लागि आन्दोलन गरिरहेका छौँ । जिल्ला प्रशासन कार्यालयमा गएर हामीलाई जग्गा चाहियो भनी जग्गा दिनको लागि माग पनि गरौँ । धर्ना पनि बस्यौँ । पटक–पटक आन्दोलन पनि गरिरहेका छौँ ।

हामीले संयुक्त पुर्जाको कुरा पनि गरेको छौँ । मेरो श्रीमान्को नाममा केही जमिन छ । यसको मलाई संयुक्त पुर्जा चाहिएको छ । अव म श्रीमान्सँग संयुक्त पुजार्काको बारेमा पनि कुरा गरी पुर्जा बनाउनेछु ।

**अगुवाहरूको प्रस्तुती शत्रमा घोत्लिँदा,**

समीक्षामा आउने अगुवाले गाउँ भूमि अधिकार मञ्चमा छलफल गरी केही दृश्यात्मक सामाग्री तयार गरेर ल्याउने चाँजो मिलाउने । यस्तो सामाग्री मञ्चकै सदस्यले तयार पार्नुपर्छ । कार्यकर्ताले तयार पारिदिएर हुदैंन ।

समीक्षामा अगुवाले बताएका समस्या, तिनका सङ्घर्ष र विचारलाई समेटेर उनीहरूले औंल्याएका विषयलाई समेटेर कार्ययोजना बनाउनुपर्दछ । त्यस्तो कार्ययोजनामा हामीले पनि सहयोग गर्नुपर्छ ।

समस्याले प्रत्येक सदस्यलाई छोयो । र त्यो चर्को भयो भने आन्दोलन उठ्छ । यसरी आन्दोलन उठाउँदा जित र शक्तिको महशुस हुने अवस्था आएमा सङ्गठनलाई सक्रिय बनाउँछ । सङ्गठनमा सक्रिय काम हुनुपर्छ । काम विनाको सङ्गठनलाई सक्रिय बनाउन सकिदैंन । प्रत्येक सङ्गठनमा काम, परिचालन भइरहने स्थिती बसाल्नुपर्छ ।

सहकारीमा सय बचत र दश आन्दोलन कोष भन्नुभयो । यहाँनेरी बचत र आन्दोलनका विषयमा स्पष्टता पाइयो ।

गरिब, भूमि अधिकारबाट बञ्चितहरू सङ्गठनमा नलाग्दा पनि सङ्घर्ष गरिरहेका छन् । जिन्दगी जिउनका लागि गरेको सङ्घर्षले धेरै अनुभवी बनाएको छ । जसको अनुभव सामाजिक विश्लेषक भनिएका भन्दा पनि यथार्थ लाग्छ ।

गाउँ भूमि अधिकार मञ्चमा शोषण, अन्याय, शक्ति हुने र नहुनेबीचको सम्बन्ध, सङ्गठनको जित आदि सवालमा व्यापक बहस र सम्वाद चाहिन्छ । माथिभन्दा तल बहस बढी । तिनका आधारमा माथि बहस । यो बढाउनु पर्दछ ।

सङ्गठन बलियो र सक्रिय भएमा भूमि सम्बन्धी आधा–आधी समस्या हल गर्न सकिन्छ । तसर्थ हाम्रो ध्यान त्यँही शक्ति निर्माणमा केन्द्रित हुनुपर्छ । हाम्रो काम गरिबहरूको शक्ति निर्माणको काम हो ।

यस सत्र लगत्तै एक्सनएडका देशिय निर्देशकले सहभागीको केही अनुभुती सुन्नुभयो र आफ्ना विचारहरू थप्नुभयो ।

परिवर्तन नाप्दा सङ्गठनमा आएको परिवर्तन र व्यक्तिगत जिवनमा आएको दुवै परिवर्तन हेर्नुपर्छ ।

जसको समाजमा शक्ति हुन्छ । त्यही अनुसारको हैसियत हुन्छ । भूमि र कृषिमा काम गर्ने धेरै छन् तर शक्तिका हिसावले तिनै कमजोर भएका किन ? यसमा छलफल हुन आवस्यक छ । यसरी विश्लेषण गर्दा भूमिहिन, किसानको शक्तिको स्रोत के हो भनेर हेर्नुपर्छ । अनि जनसङ्गठनको शक्तिको स्रोत चाँही के हो ? त्यो पनि हेर्नुपर्छ ।

गाउँ मञ्च र जिल्ला मञ्चको जरो कसरी बलियो बनाउन सकिन्छ ? हामी सङ्गठनलाई कसरी बलियो बनाउन सक्छौं ? यसका लागि सचेत सदस्य बढाउनु पर्‍यो । अधिकारबाट बास्तविक पिडितलाई सङ्गठनमा ल्याउनुपर्छ । आन्दोलन कोष यसमा पनि श्रमशिविर र उत्पादीत सामाग्री सङ्कलनमा जोड दिनुपर्दछ । स्थानीय स्रोतको खोजी गरेर मात्र पुगेन । प्रभावकारी उपयोग पनि गर्नुपर्छ । एक सङ्गठन र अर्को सङ्गठन,

एक सदस्य र अर्को सदस्य विचको सहसम्बन्ध बलियो बनाउनुपर्छ । चारैतिरबाट नयाँ शक्ति कसरी भर्ने ? सङ्गठनको विकास सन्तुलित ढंगले कसरी गर्ने? संख्या मात्र बढाएर हुने हैन ।

अगुवा भनेको नेतृत्व हो । नेता हैन । अनि पदले जिम्मेवारी आउने हो । नेतृत्व आउने हैन । जिवीत सङ्गठन र औजार सङ्गठन भनेको फरक हो । चरम पिडा र सही एजेन्डा मात्र भएर भएन । मुद्दा प्रष्टसँग राख्न सक्नुपर्‍यो । किन गाउँ मञ्च ? के खोजेको ? कहाँबाट खोजेकोमा स्पष्ट हुनुपर्‍यो ।

सदस्य बन्ने हो । बनाउने हैन । सदस्यता वितरण हैन । निर्माण हो । सदस्य सचेत रूपमा बन्नुपर्छ । कार्ड दिदैंमा सदस्य बन्ने हैन । त्यसले अपेक्षा मात्र बढाउन सक्छ । अगुवाको काम सदस्य बनाउने हैन । बन्न मद्दत गर्ने हो । यस सम्बन्धमा अगुवा परिचालनको रणनीति नै बनाउन आवस्यक छ ।

सङ्गठनमा आचरण प्रमुख हुन्छ । आफ्नै पहलमा केही राम्रा काम भएको हुनुपर्दछ । जनसङ्गठन १२ महिना जिवीत हुनुपर्दछ । क्रियाशिल र जिवन्त भईरहनुपर्दछ ।

स्थानीय तहमा स्थानीय मुद्दामा अभियान गरी समस्याको छिनोफानो गर्नुपर्दछ । हरेक व्यक्तिले र सङ्गठनले आन्दोलनबाट भएको परिवर्तनको गहिराई नाप्न सक्नुपर्दछ ।

उत्कृष्ट अगुवाको जिवनी तयार पारेर छलफलमा ल्याउनुपर्दछ । आफुले आफ्नो जिवनमा ल्याएको परिवर्तन महत्वपुर्ण हुन्छ ।

परिचालन विना सङ्गठन जिवीत हुन सक्दैन । प्रत्येक भूमिअधिकारबाट बञ्चितहरूसँग शक्ति छ । तिनमा भएको शक्तिलाई चिनेर बाहिर ल्याउने हो । खोलामा भएको पानीबाट बिजुली निकालेको जस्तै ।

एउटा व्यक्ति र सङ्गठनको हैसियत कसरी बढ्छ ? हरेक सदस्यको सामाजिक हैसियतलाई कसरी योजनाबद्द बनाउने ? हरेकमा भएको क्षमता चिनेर कसरी उपयोगमा ल्याउने ? लेख्न पढ्न नआउने पिडितलाई कसरी लेख्न पढ्न सक्ने बनाउने ? लेख्न पढ्न आउनेलाई कसरी पत्रिकामा लेख्ने बनाउने ? वोल्न सक्नेलाई कसरी गित भन्न सक्नेपनि बनाउने ?

सदस्यता कागजमा भएर हुदैंन । कँही १० जना राम्रा अगुवा भएको ठाउँमा पनि परिवर्तन आएको छ । कँही ५० जना भएकोमा पनि परिवर्तन आएको छैन ।

राजनीतिक कार्यकर्ता, दल र अन्य शक्तिसँग कसरी निरन्तर बहश गर्ने । गाविस सचिब, स्थानीय विकास अधिकारी, मालपोत अधिकृत, प्रमुख जिल्ला अधिकार, पत्रकारसँग केही न केही विषय बनाएर निरन्तर भेट्नु पर्छ ।

प्रत्येक भूमि अधिकार मञ्च भएको ठाउँमा भूमि घर, भूमि छाप्रो वा भूमि चौतारी कसरी बनाउने ? अनि जिल्ला मञ्चले पनि आफ्नै भूमि घर वा छाप्रो कसरी बनाउने ?

व्यक्ति, समूह र गाउँको परिवर्तनलाई अभिलेख व्यापक गरेर प्रशारण गर्न आवस्यक छ ।

सङ्गठनको रुपान्तरणको मार्ग चित्र गाउँ, जिल्ला र राष्ट्रिय मञ्च सबैको हुनुपर्‍यो । क्रियाकलापको योजनाले हुदैंन ।

हामीले आन्दोलनको आफ्नै संस्कृति कसरी निर्माण गरेको  छ ? अझै बढाएर लैजानुपर्ने संस्कृति के के छन् ? यस विषयमा सचेत पहल आवस्यक छ ।

**सिकाईहरू**

- गाउँ मञ्च, जिल्ला मञ्च र राष्ट्रिय मञ्च तिनैको उत्तिकै क्षमता अभिवृद्दि गर्नुपर्छ ।
- भूमिसुधारको मुद्दालाई दीगो कृषि र खाद्य अधिकारसँग जोडेर बहसमा ल्याउँदा स्वीकार्यता बढ्यो ।
- फोटो सहितको परिचय खुल्ने व्यवस्थापनबाट सवलीकरणमा प्रभावकारी हुदो रहेछ । जस्तै नविकरण नगरी बसेका गाउँमञ्चका सदस्यहरू यसको प्रभावले गर्दा नविकरण गर्न जुर्मुराउन थालेका छन् ।
- गाविस सचिव र स्थानीय अगुवासँग नियमित छलफल गर्न जरुरी छ र लगातार गरिने दबाव र छलफलबाट सुनसरीमा जोतभोगको प्रमाण पत्र प्राप्त भएको छ ।
- नतिजामा प्रष्ट भई गर्न लागेको काम वा अभियानको सफता वा नतिजा मूलक बनाउनका लागि अभियानमा कसलाई कहिलेसम्म परिचालन गर्ने ? कसलाई सहभागी गराउने र त्यसको प्रक्रिया के हो ? त्यसलाई मन्थन गरेर कार्यक्रम गर्ने गर्नुपर्दो रहेछ । कार्यक्रमको लागि खटाइको अतिरिक्त प्रक्रिया र व्यवस्थापन कुशलता हुनु आवश्यक हुँदोरहेछ ।
- संयुक्त जोडीलाई सहभागिता गराई स्थानीय तहका अन्य सरोकारवालाको सहभागितमा अर्न्तक्रियात्मक छलफल कार्यक्रम चलाउँदा संयुक्त पुर्जा बनाउन धेरैलाई सहमत गराउन सजिलो हुँदो रहेछ ।
- आन्दोलन कोष संकलन गर्दा नगद तथा लेवी संकलनसँगै मौसमी बाली संकलन र जिन्सीले दिगो पनामा वृद्धी भयो । कोष संकलन गर्दा समुहगत सहभागिताले व्यक्तिलाई लाग्ने आरोप हटेर गयो ।
- भूमि अधिकार आन्दोलनमा गरिबहरूको शक्ति महत्वपूर्ण हुनेरहेछ । यसका स्रोत गाउँ सङ्गठन भएकाले गाउँ संङ्ठनलाई बढी क्रियाशील बनाउनुपर्छ ।
- आन्दोलनलाई दिगो र प्रभावकारी बनाउन संस्थाको व्यवस्थापन पनि राम्रो हुनु पर्ने रहेछ । भूमिघर भएका सङगठन बढी सक्रिय छन् । सदस्यता कार्ड दिन थालेपछि नवीकरण गराउन सदस्यहरू बढी उत्सुक देखिएका छन् ।

**दिन : तीन**

अघिल्लो दिनको समीक्षा स्रोत केन्द्र १ का संयोजक नरीराम लोहारले गर्नुभयो । यसपछि आर्थिक प्रतिवेदन तथा प्रगती प्रतिवेदनको अवस्था के कस्तो छ भनेर समीक्षा गरियो ।

तेस्रो दिन विभिन्न जिल्ला र क्षेत्रको अभियानको मस्यौदा प्रस्तुती गरिएको थियो । यस कार्य गर्नुपुर्व निम्न विषयमा ध्यान दिन सुझाईएको थियो ।

- कार्यरत जनशक्तिको योजना १ तारेख देखिकै चाहिन्छ । १ दिन नरोक्ने । योजनाको लागि यहीँबाट भन्नुहोस् ।

- बजेटिङ्ग गर्दा हामी कोसँग काम गरिरहेका छौं ? कुन वर्गसँग काम गरिरहेका छौं ? हामीले योजना गरेको बजेट कता जान्छ ? समुदायले आन्दोलन कोष उठाइरहेका छन् । जस्तो : रणनीतिक कार्यशाला राख्दा सक्षम गाउँमञ्चमा राख्ने र त्यो वापत त्यहीं गाउँमा स्रोत रहने योजना हुनसक्छ ।

- पूर्णतः वकालतीय काम, सहायतको काम हैन । उदाहरणको लागि केराबारीमा पानी तान्ने मेशिन वा जेनेरेटर हामीले दिने हैन । तर चाहिएको छ  । के गर्ने ? धारिला, तिखारिएका र मौलिक काम । जहाँ सिर्जनात्मकता होस् र भूमि अधिकारबाट वञ्चितहरूको अनुहार झल्कियोस् ।

- केही चिन्तनहरू, रणनीतिहरू पेपरमा नै गृहकार्य गर्नुहोस्

**विभिन्न जिल्ला र क्षेत्रको तयार पारिएको अभियान रणनीतिको सार सुनियों । जुन रणनीति भन्दा बढी क्रियाकलाप थियो । सेशनको सहजकर्ताका हिसावले जगत देउजाले गरेको अनुभुती :**

- धेरै अभियान रणनीति अहिले ओगटीरहेका जग्गाको दर्ता गरेर पुर्जा लिने सवालमा केन्द्रित छ । के यो भूमि अधिकार आन्दोलनको कोर काम हो ? के यसले संरचनागत परिवर्तनमा तात्विक परिवर्तन गर्दछ ?

- अगुवा र अगुवा कार्यकर्ताको क्षमता अभिवृद्धि र सीप उपयोग कमजोर भयो । पढ्ने, लड्ने, भिड्ने, लेख्ने, नयाँ र सिर्जनात्मकता भित्राउने कसरी हो ? यसको लागि हरेकको योजना आउनुर्छ । कार्यकर्ताको क्षमता र उत्प्रेरणा कसरी बढाउने ?

- अभियान योजनाहरू परियोजनामुखीतर्फ उन्मुख देखिन्छ । तसर्थ जिल्ला मञ्चलाई बलियो बनाउन हामीले सहयोग गर्ने हो । परनिर्भर बनाउन सहयोग गर्ने हैन । पूर्णतः वकालतीय र सचेत हिसावले आन्दोलनको धार नमर्ने हिसावले परिवर्तनको धार देखिएकालाई मात्र सघाउनुपर्दछ । हामी वकालत र सामाजिक आन्दोलनको नाममा परियोजना सहयोगी बन्ने हैन ।

- हाम्रो समय समुदाय, गाउँ, अगुवासँगको छलफलमा कम अनि कम्प्यूटर एवं बैठकमा बढि भइरहेको छ ।

- **राजनीतिक डकुमेन्ट** भन्दा बचेर लेखिएका क्रियाकलाप डकुमेन्ट आयो । रकमसँग नतौलिएका, असाध्यै कष्ठकर जीवन भोगिरहेका भूमि अधिकारबाट वञ्चितको सामाजिक, आर्थिक, राजनीतिक परिवर्तनको प्रस्ताव चाहियो । परिवर्तनको लागि आर्थिक भन्दा बढी बैचारिक सहयोग चाहिएको छ । प्रतिवद्दता र अठोट चाहिएको छ । आर्थिक सहयोगका आधारमा मात्र सामाजिक अभियानहरू सञ्चालन हुन सक्दैनन् । धारिलो, मुक्तिको प्रस्ताव र परिवर्तनको सपना भएका मुक्ति योद्दा, कुनै संस्थाको हैन, भूमि अधिकारबाट वञ्चितको कार्यकर्ता हुन तयार मुल्य, मान्यता र सपनाले डोरिएका आउनुस् । हामी सकेको सहयोग गर्न तयार छौं । नयाँ प्रस्तावहरू लिएर आउनुहोस् । नयाँ प्रश्नहरू लिएर आउनुहोस् । नयाँ चुनौती लिएर आउनुहोस् । नयाँ हाँकहरू लिएर आउनुहोस् । दबावहरू लिएर आउनुहोस् ।

- सम्बन्धीत डकुमेन्टहरू अध्ययन र सम्बन्धित सवालमा अगुवाहरू नबसी, माइक्रो लेभलमा अध्ययन नगरी रणनीतिक योजना फाइनल हुन सक्दैन । रणनीति स्पष्ट नभई परिणाम राम्रो आउँद्रैन ।

- अध्ययन र मिडिया वकालतको लागि तुरुन्त सिर्जनात्मक कामहरू पहिलो हप्ता देखिनै रफ्तारमा अगाडि बढाई हाल्नुहोस् ।

- वास्तविक अगुवाहरूलाई प्रशस्त अवशर दिनुहोस् । चलायमान बनाउनुहोस् ।

- एउटै जिल्लामा भएका विभिन्न सवाल, सङ्गठन विकास र सवालगत अभियानको तालमेल कसरी ?

**चरम अन्याय, शोषण र अत्याचारको मुद्दा भएको ठाउँको परिवेश विश्लेषण गरेर अभियान रणनीति र त्यसलाई लोजिकल ईण्डमा पुऱ्याउन सक्ने अवधी, स्रोत र जनशक्तिको व्यवस्थापन गरेर मात्र अभियान अगाडि बढाउने ।**

सिकाइहरू कार्यान्वयनमा ल्याउने सचेत पहल कम भए । यसतर्फ योजना निर्माणमा विचार पुऱ्याउने । कार्यकारी निर्देशक जगत बस्नेतले एमएसटी आन्दोलनको अनुभव सुनाउनु भयो । जहाँ साथै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको ५ वर्षे रणनीतिबारे पनि संक्षिप्तमा जानकारी गराउनु भएको थियो ।

### सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रियाका सहमतिहरू

१. आगामि जुन, २०१४ सम्मका लागि अहिलेकै संरचना, जनशक्तिलाई निरन्तरता दिइनेछ । स्रोतको हिसावले पनि अहिलेकै बराबर हुनेछ । पारिश्रमिक र व्यवस्थापन रकम बढाउन पाइने छैन ।

२. ६ महिना भित्रमा नयाँ रणनीति अनुसारको संरचना र कार्यक्रमहरू समायोजन गरिनेछ । नयाँ रणनीति लागु गर्न आवश्यक तयारीका काम भइरहेको, यसका लागि कम्तिमा ३ महिना लाग्ने र यति समय अभियान रोक्न नसकिने भएकाले यो निर्णय लिइएको छ ।

३. परिवेश विश्लेषण, रणनीतिक कार्ययोजना, वकालतीय रणनीति पहिलो महिना भित्र र सङ्गठनात्मक अवस्था मुल्याङ्कन एवम् गाउँ मञ्च र जिल्ला मञ्चको अनुगमन तथा मुल्याङ्कनको कार्ययोजना दोस्रो महिना भित्र र नयाँ रणनीति अनुसारको समायोजन तेस्रो महिना भित्र गरिनेछ । यस्तो कार्य गर्दा नियमित परिणाममुखी अभियानको काम पनि तिब्र बनाउनु पर्नेछ ।

४. अभियानको सुरुवात गर्दा औपचारिक कार्यक्रम गरी सुरु गर्नुपर्नेछ । मिडिया एडभोकेसीमा विशेष ध्यान दिनुपर्नेछ ।

५. तयार पारिएको रणनीतिको आधारमा ५ तारेख भित्र जिल्ला मञ्चको त्रैमासिक कार्ययोजना र बजेट जिल्ला मञ्चका पदाधिकारी र अगुवा समेत बसी दिइएको बजेट सीमा र कोड भित्र हुनेगरी अनुमोदन गरी पठाउनु पर्नेछ । -जिल्लामा छलफल नभई आएको हकमा)

६. तीन महिना भित्र सबै जिल्ला र क्षेत्रको स्थलगत सहभागीमुलक अनुगमन तथा मुल्याङ्कन हुने हुँदा सो अवधीमा प्रभावकारी काम नभएको, जनशक्ति परिचालित नभएको पाइएमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले ति जिल्लाहरूलाई आर्थिक सहयोग गर्नेछैन । यसको जिम्मेवारी संयोजक ( क्षेत्र, जिल्ला, संयोजक नभएकोमा पूर्णकालिन) र जिल्ला अध्यक्षले लिनुपर्नेछ ।

७. यहीँ समयमा पनि केही क्षेत्रको जनशक्तिमा सामान्य हेरेफेर र थपघट हुनेछ । त्यसको जानकारी द्धिपक्षिय बैठकमा जानकारी गराइनेछ । अभियानकर्ता थप्ने भन्दा अगुवा परिचालनमा स्रोत परिचालन गरिनेछ ।

***

**अनुसूचीहरू :**

## १ खर्च विवरण

| क.सं. | विवरण | खर्च | कै. |
|---|---|---|---|
| | स्टेशनरी खरिद | ११९३८ /– | |
| | खाना बास भूमिघर चितवनमा ४ दिन (प्याकेजमा) | ९६७२८/– | |
| | बाटेमा यातायात र खाना खर्च | ७४००२/– | |
| | अफिस गाडिमा तेल खर्च | ९८००/– | |
| | काठमाडौ टिमको बाटोमा खाजा खर्च चितवन जाँदा | ३६५/– | |
| जम्मा | | १९२८३३/– | |

## २ सहभागी

| क.सं. | नाम | जिल्ला/संस्था | कै. |
|---|---|---|---|
| १. | हरीप्रसाद तिमिल्सेना | सिन्धुपाल्चोक | |
| २. | सुष्मा न्यौपाने | रसुवा | |
| ३. | कल्पना कार्की | आत्मनिर्भर केन्द्र | |
| ४. | बुद्धिबहादुर मोक्तान | रसुवा | |
| ५. | सरस्वती सुब्बा | राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल | |
| ६. | प्रकाश बिक | कैलाली | |
| ७. | नरीराम लोहार | आत्मनिर्भर केन्द्र, स्रोत केन्द्र–१ | |
| ८. | होमेन्द्र थापा | बर्दिया | |
| ९. | सन्तोष कार्की | झापा | |
| १०. | शैलेन्द्र राई | अभियान नेपाल, सुनसरी | |
| ११. | रेमन्ती चौधरी | दाङ | |
| १२. | लालमणि भण्डारी | स्रोत संस्था–२ सिएसडिआर | |
| १३. | पूर्णबहादुर सुनार | स्रोत संस्था–२ सिएसडिआर | |
| १४. | बनिलाल थारु | स्रोत संस्था–२ सिएसडिआर | |
| १५. | शुभराज चौधरी | आत्मनिर्भर केन्द्र | |

| | | | |
|---|---|---|---|
| १६. | सन्तोषी विक | उदयपुर | |
| १७. | श्यामो दास | सिरहा | |
| १८. | राजकुमार  पासवान | सिरहा | |
| १९. | शिवकुमार पासवान | सप्तरी | |
| २०. | पानवीत सदा | सप्तरी | |
| २१. | निर्मला विक | दाङ | |
| २२. | जुगमनी चौधरी | दाङ | |
| २३. | भिमकुमारी मगर | झापा | |
| २४. | मदन बिक | सर्लाही | |
| २५. | कुमार थापा | आत्मनिर्भर केन्द्र | |
| २६. | ज्ञानु माझि | महोत्तरी | |
| २७. | चिनिमाया बुलुन | बारा | |
| २८. | ल्यामबहादुर दर्जी | राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल | |
| २९. | जानुकादेवी मगर | मोरङ | |
| ३०. | फूर्तिमान राई | उदयपुर | |
| ३१. | भोला बस्नेत | आत्मनिर्भर केन्द्र | |
| ३२. | गमिता राई | खोटाङ | |
| ३३. | समिता विक | रामेछाप | |
| ३४. | जिउली वादी | कैलाली | |
| ३५. | राधिका सुनार | कञ्चनपुर | |
| ३६. | कला पौडेल | नवलपरासी | |
| ३७. | उमकला कुमाल | पाल्पा | |
| ३८. | तोलाकुमारी पाठक | आत्मनिर्भर केन्द्र | |
| ३९. | गीता पण्डित | आत्मनिर्भर केन्द्र | |
| ४०. | जगत देउजा | आत्मनिर्भर केन्द्र | |
| ४१. | जगत बस्नेत | आत्मनिर्भर केन्द्र | |
| ४२. | विकासमान डंगोल | आत्मनिर्भर केन्द्र | |
| ४३. | महेशराम वड | राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल | |

## ३. कार्यक्रम कार्यतालिका

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
**भूमि तथा कृषि अधिकार अभियान**
अर्ध-वार्षिक सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रिया, २९-३१ डिसेम्बर, २०१३

### प्रस्तावित कार्यक्रम

हाम्रो मुटु सधैं चलिरहेको छ तर काममा व्यस्त भएको वेला वा आरामले सान्त भएर अनुभव नगरेसम्म मुटु चलेको थाहा हुन्न । हो समीक्षा कामै कामको भिडमा एकछिन सान्त भएर धडकन छाम्ने मौका हो र आगामी दिनमा कुन रफ्तारमा हिँड्ने हो भनेर विचार गर्ने फुर्सद पनि । यो आफ्नो कामप्रति आफैं घोत्लिने र सिर्जनात्मक सोच अभ्यासमा ल्याउने शुरुवात पनि । (अघिल्लो समीक्षाबाट)

- डिसेम्बर २८ वेलुका नै सवै सहभागी भूमि अध्ययन घर, ठिमुरामा आईसक्नुपर्नेछ ।
- पुसको समीक्षामा बनाईएको योजना समेतलाई ध्यानमा राखी प्रस्तुतीका लागि पुर्ण तयारी गरी कभरेज, प्रभावको केस, फोटाहरू, भिज्यूअल सामाग्री सबै लिएर आउनुहोला ।
- आर्थिक प्रगती प्रतिवेदनका सक्कल प्रति र वार्षिक योजनाहरू पनि लिई आउनुहोला ।

### १. पहिलो दिन : २९ डिसेम्बर, २०१३

| समय | कार्यक्रम | सहजीकरण |
|---|---|---|
| ७:३० | चिया खाजा | |
| | **घरधन्दा** | |
| ८:३० | स्वागत र समीक्षाबाट खोजेको परिणाम | कार्यकारी निर्देशक |
| | आशा र चिन्ताको थुप्रो | कार्यक्रम व्यवस्थापक |
| | क्षेत्रीय समीक्षामा उठेका राष्ट्रिय समीक्षामा टेवुल गर्नुपर्ने विषय | |
| | समीक्षाको बजेट र व्यवस्थापन समूह (व्यवस्थापक, प्रतिवेदन) | वित्त तथा प्रशासन अधिकृत |
| | **समीक्षाको प्रक्रिया र नतिजा सम्बन्धमा**<br>*तयार पारिएको चित्र र कार्यक्रम विवरणका आधारमा* | कार्यक्रम व्यवस्थापक |
| | **आर्थिक प्रतिवेदन र कभरेज संकलन**<br>*सबै जिल्ला र क्षेत्रको प्रतिवेदन, फोटाहरू, केसहरू, भनाईहरू* | कार्यक्रम व्यवस्थापक र वित्त तथा प्रशासन अधिकृत |
| | **मुख्य परिवर्तन** | |
| १०.०० | मुख्य परिवर्तनको नक्शाकंन :जिल्लागत पोष्टईट प्याडमा | कार्यकारी निर्देशक |
| १२:०० | खाना | |
| | **उद्देश्य र उपलव्धीको समीक्षा** | |

| | | |
|---|---|---|
| १:०० | प्रत्येक स्रोत केन्द्र, स्रोत संस्था, मञ्च, साआसेकेका ईकाईले वार्षिक उद्देश्य र उपलव्धी प्रस्तुत गर्ने ।<br>*विचमा ४ बजे चिया र खाजा* | सामूहिक, ५ मिनेट भन्दा दायाँबायाँ नजाने । |
| ६:०० | समापन | |

## २. दोस्रो दिन : ३० डिसेम्बर, २०१३

| समय | कार्यक्रम | सहजीकरण |
|---|---|---|
| ८:०० | अघिल्लो दिनको समीक्षा | अभिनयबाट, अघिल्लै दिन टोली बनाउने |
| ८:१५ | प्रत्येक स्रोत केन्द्र, स्रोत संस्था, मञ्च, साआसेकेका ईकाईले अर्धवार्षिक उद्देश्य र उपलव्धी प्रस्तुत गर्ने, अघिल्लो दिनबाट निरन्तर | सामूहिक |
| १०:३० | अगुवाहरूले बोल्ने र छलफल गर्ने | समूहमा |
| १२:०० | खाना | |
| **योजना निर्माण सत्र** | | |
| १:०० | जिल्लागत वेसलाईन र रणनीति पत्रको लेखाजोखा | कार्यक्रम व्यवस्थापक |
| ३:३० | चिया, खाजा | |
| ४:०० | साझा अभियान योजना (वार्षिक) : अधिकारवालासँग अभियान रणनीति बैठक, अर्न्तराष्ट्रिय कार्यशाला, | कार्यकारी निर्देशक |
| ५:३० | वार्षिक र त्रैमासिक योजनामा छलफल | कार्यक्रम व्यवस्थापक |
| ६:३० | समापन | |

## ३. तेस्रो दिन : ३१ डिसेम्बर, २०१३

| समय | कार्यक्रम | सहजीकरण |
|---|---|---|
| | **योजना सत्र** | |
| ८:०० | अभियान योजना प्रस्तुती (वार्षिक र त्रैमासिक) | कार्यक्रम व्यवस्थापक |
| १२:०० | खाना | |
| १:३० | अभियान योजना प्रस्तुती निरन्तर | सामूहिक |
| ३:३० | संगठनको कार्यक्षमता मुल्याकंन ढाँचामा पृष्ठपोषण | समूहमा |
| ४:३० | चिया, खाजा | |
| ४:३० | बाँकी रहेका विषयमा अनौपचारिक छलफल, फाईनल भईसकेका योजनामा सम्झौता | साआसेके र सम्बन्धित |
| ६:३० | समीक्षा समापन | |

प्रतिवेदन र प्रस्तुती पुरा गरेर ल्याउनुहोला । साथै प्रतिवेदन र प्रस्तुती दुवैको एक एक प्रति प्रिन्ट पनि गरेर ल्याउनुहोला ।

## ५ तस्विर केही झलकहरू








































राष्ट्रिय भूमिअधिकार मञ्च नेपाल
चौथो राष्ट्रिय परिषद




राष्ट्रिय भूमि  अधिकार मञ्च, नेपालले
अर्धवार्षिक समीक्षाको अवसरमा
तयार पारेको ।